United Nations संयुक्त राष्ट्र संघ

आवासीय संयोजकको कार्यालय

**<u>संयुक्त राष्ट्र संघ र साझेदार संस्थाद्वारा भूकम्प पीडित नेपालको राहत को निम्ति ४१ करोड ५० लाख अमेरिकी डलर को सहयोग गर्न अनुरोध</u>**

(काठमाडौँ/जेनेवा/न्यु योर्क, वैशाख १६, २०७२): संयुक्त राष्ट्र संघ र साझेदार संस्थाहरूले नेपालको विनाशकारी भूकम्प पीडितहरुलाई तत्काल राहत पुर्याउन चाहिएको ४१ करोड ५० लाख अमेरिकी डलर उपलब्ध गराउन अनुरोध गरेका छन् । फ्लाश अपिल कागजातमा उल्लिखित यो संयुक्त कार्ययोजना ले अत्यावश्यक खाद्यान्न, पानी, बसोबास, आपतकालीन स्वास्थ्य, र सुरक्षा उपलब्ध गराउने सरकार को प्रयासलाइ अर्को तीन महिनासम्म सहयोग गर्ने लक्ष्य लिएको छ।

स्थानीय समयानुसार बिहानको ११ बजेर ५६ मिनेट जाँदा गएको ७.८ परिमाणको भूकम्पले घना आवादी भएको काठमाडौँ उपत्यका लगायक देशभर ठुलो विनाश गर्यो। यो कम्पन र त्यसपछि आएका धेरै झड्कामा परेर ५००० भन्दा बढीको मृत्यु भएको छ र कम्ति मा पनि १०१९४ हरु घाईते भएका छन। नेपालका ७५ मध्ये ३९ अञ्चल मा लगभग ७०००० घरहरु नष्ट भएका छन् र अरु ५३०००० घरहरुमा क्षति पुगेको छ।

यो विपत्ति पछि सरकार, मानवीय र अन्तर्राष्ट्रिय साझेदार संघहरुले विशाल राहत अभियान संचालन गरेका छन। खोज तथा उद्धार टोलीले बाँचेका मानिस खोज्न र आपतकालीन स्वास्थ्य सेवा प्रदान गर्न अथक प्रयास गरेका छन्। पीडितलाइ सफा खाने पानी उपलब्ध गराइएको छ तथा तत्काल वितरण गर्न खाद्यान्न पठाइएको छ।

आवासीय संयोजक जेमी मक्गोल्ड्रिक का अनुसार “प्रतिक्रियाको यो समय महत्वपुर्ण छ.” “हुनत म अहिलेसम्मको प्रतिक्रिया र प्रगति देखेर प्रोत्साहित छु, तर सबै प्रभावित क्षेत्रमा, खास दुर्गम क्षेत्रहरुमा, सहयोग पुराउन प्रयास हुनु जरुरी छ।”

दुर्गम पहाडी क्षेत्रमा प्रभावकारी मानवीय सहयोग पुर्याउने लक्ष्य संग जोडिएका हाम्रा आवश्यकताहरु र चुनौतीहरुलाइ यो अपिलले प्रतिविम्बित गर्दछ । अहिलेको जाडो र चिसो मौसममा घरबाहिर रहन बाध्य भएका ५००,००० जनता लाइ हाम्रा सहयोगी हरुले आपतकालीन बसोबास र स्वास्थ्य सेवा प्रदान गर्ने छन। बढीमा ४२ लाख जनता लाइ सफा खाने पानी र सरसफाई को सुविधाको आवश्यकता छ। दुर्गम क्षेत्रका ७५०००० जनता सहित १४ लाख जनताले खाद्यान्न सहयोग को सुविधा लिन पाउने छन। लगभग २१ लाख बालबालिका र ५२९,००० महिलाहरुले सुरक्षा सहयोगको सुविधा लिन पाउने छन।

श्री मक्गोल्ड्रिकले भन्नुभयो, “वर्षा ऋतु सुरु हुनेबेला मानवीय सहयोगको बन्दोबस्त गर्ने योजनामा थप चुनौतीहरु आइपर्नेछन्। तत्काल राहत पुर्याइराख्नुको लागि अनुदानको आवश्यकता छ।” मानवीय सहयोग चांडै सुरु गर्नुको लागि संयुक्त राष्ट्र संघको केन्द्रिय आपतकालीन प्रतिक्रिया कोषले १ करोड ५० लाख अमेरिकी डलर प्रदान गरेको छ।

**थप जानकारीको लागि सम्पर्क गर्नुहोला**
ओर्ला फगान, सार्वजनिक जानकारी कार्यकर्ता, OCHA क्षेत्रीय कार्यलय एशिया र प्रशान्तको लागि
फोन +९७७ ९८६०८८९२०९ वा +६६ ८९९४४७६२३; इमेल fagano@un.org

**In the event of a difference in meaning between the Nepali and English texts, the English shall prevail. This translation was coordinated by a team of Nepali and International volunteers, it is not authoritative or official.**

**नेपाली र अंग्रेजी कागजातको अर्थ भिन्न भएमा, अंग्रेजी कागजात सहि मनिनेछ। यस अनुबाद एउटा नेपाली तथा अन्तर्राष्ट्रिय स्वयंसेवकहरुको टोलीद्वारा समन्वित भएको हो र त्यसैले यसलाई अधिकारिक मानिने छैन।**